# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७६/७७ को नौ महिनाको तथ्याङ्कमा आधारित)*

## प्रमुख झलक

- *वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ६.७४ प्रतिशत छ । नौ महिनाको औसत मुद्रास्फीति ६.५३ प्रतिशत छ ।*
- *आयात ७.५ प्रतिशतले घटेको छ भने निर्यात १२.९ प्रतिशतले बढेको छ ।*
- *विप्रेषण आप्रवाह ४.० प्रतिशतले घटेको छ ।*
- *शोधनान्तर स्थिति रु.३६ अर्ब ६१ करोडले बचतमा छ ।*
- *कुल विदेशी विनिमय सञ्चिति रु.११५५ अर्ब ९० करोड बराबर कायम भएको छ । उक्त सञ्चिति ९.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने देखिन्छ ।*
- *संघीय सरकारको बैंकिङ्ग कारोबारमा आधारित खर्च रु.६३८ अर्ब १ करोड र राजस्व परिचालन रु.५९०अर्ब ७६ करोड छ ।*
- *विस्तृत मुद्राप्रदाय ८.९ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १५.३ प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ९.७ प्रतिशतले र निजी क्षेत्रतर्फको कर्जा ११.५ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १६.९ प्रतिशत र कर्जाको वृद्धिदर १४.३ प्रतिशत छ ।*

## वास्तविक क्षेत्र

१. आर्थिक वर्ष २०७६/७७ मा २.३ प्रतिशत आर्थिक वृद्धि रहने केन्द्रीय तथ्यांक विभागको प्रारम्भिक अनुमान छ । कोभिड-१९ को प्रभावका कारण समीक्षा वर्षमा आर्थिक वृद्धि न्यून रहने देखिएको हो । कोभिड-१९ को प्रभावका कारण खानी तथा उत्खनन, उत्पादन, निर्माण, होटेल तथा रेष्टुरेन्ट एवम् यातायात उपक्षेत्रको आर्थिक वृद्धि ऋणात्मक रहने अनुमान गरिएको छ ।

२. चालु आर्थिक वर्ष कृषि क्षेत्रको वृद्धि २.६ प्रतिशत, उद्योग क्षेत्रको ३.२ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धि २.० प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २७.६ प्रतिशत, १४.३ प्रतिशत र ५८.१ प्रतिशत रहने अनुमान छ (तालिका १) ।

| तालिका १ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान तथा वृद्धिदर (प्रतिशतमा) | | | |
|---|---|---|---|
| **क्षेत्र** | **२०७४/७५** | **२०७५/७६ सं** | **२०७६/७७ प्रा** |
| कृषि* | २८.६ | २७.५ | २७.६ |
| उद्योग | १४.९ | १५.१ | १४.३ |
| सेवा | ५६.६ | ५७.४ | ५८.१ |
| **यथार्थ कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर** | | | |
| **आर्थिक वृद्धिदर** | **६.७** | **७.०** | **२.३** |
| कृषि* | २.८ | ५.१ | २.६ |
| उद्योग | ९.६ | ७.७ | ३.२ |
| सेवा | ७.२ | ७.३ | २.० |

*कृषि, वन तथा मत्स्यपालन
प्रा: प्रारम्भिक अनुमान,
सं: संशोधित
*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

३. आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको १८.१ प्रतिशत रहने अनुमान छ । यसैगरी कुल स्थिर पुँजी निर्माण कुल गार्हस्थ्य उत्पादनको २८.१ प्रतिशत, कुल पुँजी निर्माण ५०.२ प्रतिशत र कुल राष्ट्रिय बचत ४६ प्रतिशत रहने अनुमान छ ।


४. प्रदेशगत रुपमा हेर्दा आर्थिक वर्ष २०७६/७७ मा सुदुरपश्चिम प्रदेशको सबैभन्दा वढी ४.१ प्रतिशत र वागमती प्रदेशको सबैभन्दा कम १.२ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा वागमती प्रदेशको अंश सबैभन्दा बढी ३५.८ प्रतिशत एवम् कर्णाली प्रदेशको सबैभन्दा न्यून ४.३ प्रतिशत रहने अनुमान छ ।

| तालिका २: प्रदेशगत कुल गार्हस्थ उत्पादन | | | | |
|---|---|---|---|---|
| प्रदेश | आर्थिक वृद्धि | | कुल गार्हस्थ्य उत्पादनमा प्रादेशिक अंश | |
| | २०७५/७६* | २०७६/७७** | २०७५/७६* | २०७६/७७** |
| प्रदेश १ | ७.४ | ३.४ | १५.७ | १५.८ |
| प्रदेश २ | ८.१ | २.३ | १३.६ | १३.८ |
| वागमती | ६.४ | १.२ | ३६.४ | ३५.८ |
| गण्डकी | ६.७ | २.७ | ८.९ | ८.९ |
| प्रदेश ५ | ६.८ | २.० | १४.२ | १४.२ |
| कर्णाली | ८.१ | ३.६ | ४.२ | ४.३ |
| सुदुरपश्चिम | ६.९ | ४.१ | ७.० | ७.२ |
| *स्रोत: केन्द्रीय तथ्याङ्क विभाग,* | | **: संशोधित अनुमान,* | ***: प्रारम्भिक अनुमान* | |

# मुद्रास्फीति

## उपभोक्ता मुद्रास्फीति

५. २०७६ चैतमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.७४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.४४ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ९.६८ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.४८ प्रतिशत रहेको छ ।




६. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत तरकारी, फलफूल, मसला र दाल तथा गेडागुडी उपसमूहको मूल्य वृद्धि उच्च रहेको छ । गैर-खाद्य तथा सेवा समूह अन्तर्गत शिक्षा, स्वास्थ्य र लुगा तथा जुत्ता उपसमूहको मूल्य केही बढेको छ ।

७. समीक्षा महिनामा काठमाडौं उपत्यकामा ७.१९ प्रतिशत, तराईमा ७.०४ प्रतिशत, पहाडमा ५.८४ प्रतिशत र हिमालमा ४.८३ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७५ चैतमा यी क्षेत्रहरुमा क्रमशः ४.७४ प्रतिशत, ३.९५ प्रतिशत, ४.८० प्रतिशत र ६.२० प्रतिशत मुद्रास्फीति रहेको थियो ।

| तालिका ३: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (प्रतिशत) | | | |
|---|---|---|---|
| विवरण | २०७५ चैत | २०७६ फागुन | २०७६ चैत |
| **समग्र मुद्रास्फीति** | **४.४४** | **६.७०** | **६.७४** |
| *खाद्य तथा पेय पदार्थ* | *२.८१* | *९.३३* | *९.६८* |
| *गैर-खाद्य तथा सेवा* | *५.७३* | *४.६९* | *४.४८* |

## थोक मुद्रास्फीति

८. २०७६ चैतमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ७.७७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.३८ प्रतिशत रहेको थियो ।

९. समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः ८.२० प्रतिशत, ८.४७ प्रतिशत र २.७५ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्य ३.७६ प्रतिशतले घटेको छ ।


## तलव तथा ज्यालादर सूचकाङ्क

१०. २०७६ चैतमा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ७.४९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क ९.६४ प्रतिशतले बढेको थियो । समीक्षा महिनामा तलब सूचकाङ्क १३.५५ प्रतिशत र ज्यालादर सूचकाङ्क ५.८६ प्रतिशतले बढेको छ ।

# बाह्यक्षेत्र

## वैदेशिक व्यापार

११. आर्थिक वर्ष २०७६/७७ को नौ महिनामा कुल वस्तु निर्यात १२.९ प्रतिशतले वृद्धि भई रु.७८ अर्ब ८२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १७.७ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारततर्फ २५.४ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीन तथा अन्य मुलुकतर्फ क्रमशः २८.१ प्रतिशत र ७.५ प्रतिशतले घटेको छ । वस्तुगत आधारमा पाम तेल, अलैंची, आयुर्वेदिक औषधि, जडिबुटी, दन्तमन्जन लगायतका वस्तुको निर्यात बढेको छ भने जस्तापाता, तार, तयारी पोशाक, जुस, ऊनी गलैंचा लगायतका वस्तुको निर्यात घटेको छ ।




१२. आर्थिक वर्ष २०७६/७७ को नौ महिनामा कुल वस्तु आयात ७.५ प्रतिशतले घटेर रु.९८२ अर्ब ५३ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २१.३ प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा अन्य मुलुकबाट भएको आयात ३.१ प्रतिशतले बढेको छ भने भारत तथा चीनबाट भएको आयात क्रमशः १२.३ प्रतिशत र १.० प्रतिशतले घटेको छ । वस्तुगत आधारमा कच्चा पाम तेल, रासायनिक मल, हटरोल सिट, कच्चा सोयाविन तेल, कम्प्युटर तथा पार्टपुर्जा, लगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, एम.एस. बिलेट, यातायातका साधन तथा पार्टपुर्जा, सुन, सिमेन्ट लगायतका वस्तुको आयात घटेको छ ।

१३. निर्याततर्फ वीरगंज, विराटनगर, मेची र तातोपानी भन्सार कार्यालय बाहेकका नाकाबाट गरिएको निर्यातमा ह्रास आएको छ । आयाततर्फ सुख्खा बन्दरगाह भन्सार कार्यालय बाहेकका नाकाबाट भएको आयातमा ह्रास आएको छ ।

१४. आर्थिक वर्ष २०७६/७७ को नौ महिनामा कुल वस्तु व्यापार घाटा ८.९ प्रतिशतले संकुचन भई रु.९०३ अर्ब ७२ करोड कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो घाटा २१.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ८.० प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ६.६ प्रतिशत रहेको थियो ।

## निर्यात आयात मूल्य सूचकाङ्क

१५. २०७६ चैत महिनामा भन्सार तथ्याङ्कमा आधारित वार्षिक बिन्दुगत आधारमा निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) ०.६ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क ३.२ प्रतिशतले घटेको छ । २०७५ चैत महिनामा वार्षिक बिन्दुगत आधारमा १.९ प्रतिशतले घटेको व्यापारको शर्त (Terms of Trade) २०७६ चैत महिनामा ३.९ प्रतिशतले बढेको छ ।

## सेवा

१६. समीक्षा अवधिमा खुद सेवा आय रु.४ अर्ब ५९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.९ अर्ब ६२ करोडले घाटामा रहेको थियो ।

१७. सेवा खाता अन्तर्गत भ्रमण आय समीक्षा अवधिमा ०.६ प्रतिशतले वृद्धि भई रु.५५ अर्ब ७६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.५५ अर्ब ४३ करोड रहेको थियो ।

१८. सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण व्यय २६.४ प्रतिशतले घटी रु.५० अर्ब २२ करोड कायम भएको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.२४ अर्ब ६५ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.६८ अर्ब २६ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.३५ अर्ब ४४ करोड रहेको थियो ।

**विप्रेषण आप्रवाह**

१९. समीक्षा अवधिमा विप्रेषण आप्रवाहमा ४ प्रतिशतले कमी आई रु.६२६ अर्ब ९० करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २०.९ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ४.७ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ९.९ प्रतिशतले बढेको थियो ।

२०. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या १०.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ३७.५ प्रतिशतले घटेको थियो । वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा १५ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ४.६ प्रतिशतले बढेको थियो ।

२१. समीक्षा अवधिमा खुद ट्रान्सफर आयमा ४.४ प्रतिशतले कमी आई रु.७१३ अर्ब ११ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २०.९ प्रतिशतले बढेको थियो ।

**चालु खाता एवम् शोधनान्तर स्थिति**


२२. समीक्षा अवधिमा चालु खाता घाटा रु.१३५ अर्ब ५४ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा रु.२०४ अर्ब ८० करोड रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको नौ महिनामा १ अर्ब ८० करोड रहेको चालु खाता घाटा समीक्षा अवधिमा १ अर्ब १८ करोड रहेको छ ।

२३. समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर रु.११ अर्ब ६२ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु.१६ अर्ब ४८ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु.१२ अर्ब ४८ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु.७ अर्ब १० करोड रहेको थियो ।

२४. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.३६ अर्ब ६१ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.६४ अर्ब ६८ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा शोधनान्तर स्थिति अघिल्लो वर्षको नौ महिनासम्ममा ५६ करोड ८५ लाखले घाटामा रहेकोमा समीक्षा अवधिमा ३२ करोड १० लाखले बचतमा रहेको छ ।

**कुल विदेशी विनिमय सञ्चिति**

२५. २०७६ असार मसान्तमा रु.१०३८ अर्ब ९२ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ११.३ प्रतिशतले बृद्धि भई २०७६ चैत मसान्तमा रु.११५५ अर्ब ९० करोड बराबर पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७६ असार मसान्तमा ९ अर्ब ५० करोड रहेकोमा २०७६ चैत मसान्तमा ९ अर्ब ४९ करोड पुगेको छ ।




२६. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७६ असार मसान्तमा रु.९०२ अर्ब ४४ करोड रहेकोमा २०७६ चैत मसान्तमा रु.९९६ अर्ब ८ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७६ असार मसान्तमा रु.१३६ अर्ब ४७ करोड रहेकोमा २०७६ चैत मसान्तमा रु.१५९ अर्ब ८१ करोड पुगेको छ । २०७६ चैत मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.९ प्रतिशत रहेको छ ।

**सञ्चिति पर्याप्तता सूचक**

२७. आर्थिक वर्ष २०७६/७७ को नौ महिनासम्मको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १०.७ महिनाको वस्तु आयात र ९.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः ३०.७ प्रतिशत, ७८.८ प्रतिशत र २९.६ प्रतिशत रहेका छन् । २०७६ असार मसान्तमा यी अनुपातहरु क्रमशः ३०.० प्रतिशत, ६४.९ प्रतिशत र २९.० प्रतिशत रहेका थिए ।

**कच्चा पेट्रोलियम एवम् सुनको मूल्य**

२८. अन्तर्राष्ट्रिय बजारमा २०७५ चैत मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ७१.५७ रहेको कच्चा पेट्रोलियम (Brent Crude Oil) को मूल्य २०७६ चैत मसान्तमा ७१.७ प्रतिशतले घटी प्रति ब्यारल अमेरिकी डलर २०.२३ कायम रहेको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०७५ चैत मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १२९४.३० रहेकोमा २०७६ चैत मसान्तमा २९.९ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १६८०.६५ पुगेको छ ।

**विनिमय दर**

२९. २०७६ असार मसान्तको तुलनामा २०७६ चैत मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १०.१८ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ ०.९ प्रतिशतले अवमूल्यन भएको थियो । २०७६ चैत मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१२१.७६ पुगेको छ । २०७६ असार मसान्तमा उक्त विनिमय दर रु.१०९.३६ रहेको थियो ।


# सरकारी वित्त स्थिति*

## संघीय सरकार

**वित्त घाटा/बचत**

३०. आर्थिक वर्ष २०७६/७७ को नौ महिनामा बैंकिङ्ग कारोबारमा आधारित सरकारको वित्त स्थिति रु.५६अर्ब २८ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति रु.१७ अर्ब २९ करोडले बचतमा रहेको थियो ।

**चार्ट ४ : सरकारी राजस्व तथा कुल खर्च वृद्धिदर (नौ महिना)**




**खर्च तथा राजस्व#**

३१. समीक्षा अवधिमा बैंकिङ्ग कारोबारमा आधारित (सोझै भुक्तानी र भुक्तानी लिन बाँकी चेकबाहेक) संघीय सरकारको कुल खर्च रु.६३८ अर्ब १ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च रु.५९६ अर्ब ६२ करोड रहेको थियो ।

३२. समीक्षा अवधिमा बैंकिङ्ग कारोबारमा आधारित राजस्व संकलन (प्रदेश तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) रु.५९० अर्ब ७६ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल राजस्व संकलन रु.६०४ अर्ब ६० करोड रहेको थियो ।

**ऋण परिचालन**

३३. समीक्षा अवधिमा सरकारले रु.५५ अर्ब ४२ लाख आन्तरिक ऋण र रु.४५ अर्ब ७८ करोड बराबरको वाह्य ऋण परिचालन गरेको छ ।

**नगद मौज्दात**

३४. २०७६ चैत मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.१६२ अर्ब ३१ करोड (स्थानीय तहको खातामा रहेको रु.६२ अर्ब ८६ करोडसमेत) नगद मौज्दात रहेको छ ।

**प्रदेश सरकार**

३५. आर्थिक वर्ष २०७६/७७ को नौ महिनामा प्रदेश सरकारको बैंकिङ्ग कारोबारमा आधारित कुल खर्च रु.५६ अर्ब ५३ करोड रहेको छ । समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत प्राप्ति रु.९३ अर्ब ५६ करोड रहेको छ । यसमध्ये संघीय सरकारले प्रदेश सरकारलाई अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्व समेत गरी रु.६० अर्ब ५४ करोड

*नेपाल राष्ट्र बैंकको बैंकिङ्ग कार्यालय, सरकारी कारोबार गर्ने वाणिज्य बैंक तथा जिल्लास्थित ८१ वटै कोष तथा लेखा नियन्त्रक कार्यालय र भुक्तानी केन्द्रबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।


#गत वर्षको बेरुजु संकलन बाहेक ।

हस्तान्तरण गरेको छ । यसैगरी, यस अवधिमा प्रदेश सरकारले राजस्व र अन्य स्रोतबाट रु.३३ अर्ब १ करोड परिचालन गरेका छन् ।

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

३६. आर्थिक वर्ष २०७६/७७ को ९ महिनामा विस्तृत मुद्राप्रदाय ८.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ९.३ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७६ चैत मसान्तमा विस्तृत मुद्राप्रदाय १५.३ प्रतिशतले बढेको छ ।





३७. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.३६ अर्ब ६१ करोड (३.७ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.६४ अर्ब ६८ करोड (६.१ प्रतिशत) ले घटेको थियो ।

३८. समीक्षा अवधिमा सञ्चित मुद्रा ४.४ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १० प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७६ चैत मसान्तमा सञ्चित मुद्रा ४.६ प्रतिशतले बढेको छ ।

### कुल आन्तरिक कर्जा

३९. समीक्षा अवधिमा कुल आन्तरिक कर्जा ८.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १३.२ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७६ चैत मसान्तमा यस्तो कर्जा १६.८ प्रतिशतले बढेको छ ।




४०. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १२.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी १६.४ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७६ चैत मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १५.४ प्रतिशतले बढेको छ ।

### निक्षेप परिचालन

४१. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ९.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप १०.६ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७६ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १६.९ प्रतिशतले बढेको छ ।

**तालिका ४: बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेपको संरचना (प्रतिशत)**

| निक्षेप | असार मसान्त | | | | चैत मसान्त | |
|---|---|---|---|---|---|---|
| | २०७३ | २०७४ | २०७५ | २०७६ | २०७५ | २०७६ |
| चल्ती | ९.१ | ८.७ | ९.३ | ९.७ | ८.६ | ८.५ |
| बचत | ४३.३ | ३५.४ | ३४.५ | ३२.८ | ३३.६ | ३२.२ |
| मुद्दती | ३०.५ | ४३.२ | ४४.८ | ४६.३ | ४७.३ | ४९.३ |
| अन्य | १७.१ | १२.७ | ११.३ | ११.२ | १०.५ | १०.० |

४२. २०७६ चैत मसान्तमा चल्ती, बचत र मुद्दतीको कुल निक्षेपमा क्रमशः ८.५ प्रतिशत, ३२.२ प्रतिशत र ४९.३ प्रतिशत अंश रहेको छ (तालिका ४) । अघिल्लो वर्षको सोही महिनामा यस्तो अंश क्रमशः ८.६ प्रतिशत, ३३.६ प्रतिशत र ४७.३ प्रतिशत रहेको थियो ।

४३. २०७६ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४४.४ प्रतिशत रहेको छ। २०७५ चैत मसान्तमा यस्तो निक्षेपको अंश ४५.२ प्रतिशत रहेको थियो ।

**कर्जा प्रवाह**

४४. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ११.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १६.५ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७६ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १४.३ प्रतिशतले बढेको छ ।

४५. बैंक तथा वित्तीय संस्थाको २०७६ चैत मसान्तमा लगानीमा रहेको कर्जामध्ये ६५.१ प्रतिशत घरजग्गाको धितोमा र १३.३ प्रतिशत चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७५ चैत मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६४ प्रतिशत र १४.१ प्रतिशत रहेको थियो ।

४६. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाको कृषि क्षेत्रतर्फ १४.८ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फ १२.८ प्रतिशत, निर्माण क्षेत्रतर्फ १२.४ प्रतिशत, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फ १४.७ प्रतिशत र सेवा क्षेत्रतर्फ १९.२ प्रतिशतले कर्जा बढेको छ ।

४७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित आवधिक कर्जा २४.७ प्रतिशत, ओभरड्राफ्ट कर्जा ७.८ प्रतिशत, ट्रष्ट रिसिट (आयात) कर्जा १५.९ प्रतिशत, डिमान्ड तथा चालु पुँजी कर्जा ११.३ प्रतिशत, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ८.६ प्रतिशत, मार्जिन प्रकृतिको कर्जा ४.४ प्रतिशत र हायर पर्चेज कर्जा ०.१ प्रतिशतले बढेको छ ।

**तरलता व्यवस्थापन**

४८. समीक्षा अवधिमा रिपोमार्फत रु.११३ अर्ब ७७ करोड र स्थायी तरलता सुविधा मार्फत रु.७३ अर्ब ६ करोड गरी कुल रु.१८६ अर्ब ८३ करोड तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिपो मार्फत रु.३९ अर्ब ५३ करोड र स्थायी तरलता सुविधामार्फत रु.९ अर्ब ७२ करोड गरी कुल रु.४९ अर्ब २५ करोड तरलता प्रवाह भएको थियो ।

४९. आर्थिक वर्ष २०७६/७७ को नौ महिनामा खुला बजार कारोबार मार्फत कुल रु.५८ अर्ब तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु.१०० अर्ब ३५ करोड तरलता प्रशोचन गरिएको थियो ।

५०. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंक) बाट अमेरिकी डलर २ अर्ब ६७ करोड खुद खरिद गरी रु.३०५ अर्ब ८६ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब २१ करोड खुद खरिद गरी रु.२५२ अर्ब २२ करोड तरलता प्रवाह गरिएको थियो ।

५१. समीक्षा अवधिमा अमेरिकी डलर ३ अर्ब ६ करोड बिक्री गरी रु.३५० अर्ब ९ करोड बराबरको भारतीय रुपैयाँ खरिद गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ३ अर्ब १६ करोड र अन्य परिवर्त्य विदेशी मुद्रा बिक्री गरी रु.३९३ अर्ब ७७ करोड बराबरको भारतीय रुपैयाँ खरिद गरिएको थियो ।

**पुनरकर्जा**

५२. उत्पादनशील गतिविधि तथा निर्यातलाई प्रोत्साहित गर्ने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिदै आएको पुनरकर्जा २०७६ चैत मसान्तमा रु.१८ अर्ब ३१ करोड लगानीमा रहेको छ । यस अन्तर्गत साधारण पुनरकर्जा रु. १५ अर्ब २१ करोड र निर्यात पुनरकर्जा रु.७४ करोड ४४ लाख उपयोग भएको छ ।

५३. भूकम्प पीडितलाई आवासीय घर निर्माणको लागि सहुलियतपूर्ण कर्जा प्रदान गर्न यस बैंकबाट बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइएको पुनरकर्जाको बक्यौता २०७६ चैत मसान्तमा रु.१ अर्ब ८९ करोड रहेको छ । यस्तो कर्जा १५९२ ऋणीले उपयोग गरेका छन् ।

**सहुलियतपूर्ण कर्जा**

५४. २०७६ चैत मसान्तसम्ममा कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत २३,४०९ ऋणीको रु.५० अर्ब ४७ करोड कर्जा बक्यौता रहेको छ । त्यसैगरी, सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत ५,२५० ऋणीको रु.३ अर्ब ४१ करोड कर्जा बक्यौता रहेको छ ।

**अन्तर-बैंक कारोबार**

५५. आर्थिक वर्ष २०७६/७७ को ९ महिनामा वाणिज्य बैंकहरुबीच रु.१२६२ अर्ब २७ करोड र अन्य वित्तीय संस्था ( वाणिज्य बैंकबीच बाहेक) बीच रु.११६ अर्ब ५३ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही

अवधिमा वाणिज्य बैंक र अन्य वित्तीय संस्था (वाणिज्य बैंकबीच बाहेक) ले क्रमशः रु.११५० अर्ब ८० करोड र रु.१५९ अर्ब ८२ करोडको यस्तो कारोबार गरेका थिए ।

**ब्याजदर**

५६. २०७५ चैतमा ९१-दिने ट्रेजरी बिल्सको भारित औसत ब्याजदर ४.४४ प्रतिशत रहेकोमा २०७६ चैतमा २.१३ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७५ चैतको ५.२८ प्रतिशतको तुलनामा २०७६ चैतमा २.१३ प्रतिशत कायम भएको छ ।

५७. वाणिज्य बैंकहरुको औसत आधार दर २०७५ चैतको ९.६४ प्रतिशतको तुलनामा २०७६ चैतमा ९.३६ प्रतिशत कायम भएको छ । २०७६ चैतमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ६.७४ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ११.७७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यी दरहरु क्रमशः ६.६७ प्रतिशत र १२.२८ प्रतिशत रहेका थिए ।

**मर्जर तथा प्राप्ति**

५८. यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराए पश्चात् २०७६ चैत मसान्तसम्म कुल १८७ बैंक तथा वित्तीय संस्था मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १४२ संस्थाको इजाजत खारेज भई कुल ४५ संस्था मात्र कायम रहेका छन् ।

**वित्तीय पहुँच**

५९. २०७६ चैतसम्म कुल ७५३ स्थानीय तहमध्ये ७४६ तहमा वाणिज्य बैंकका शाखा विस्तार भएका छन् (तालिका ५) ।

**तालिका ५: २०७६ चैतसम्म वाणिज्य बैंकको शाखा पुगेका स्थानीय तहको संख्या**

| प्रदेश | स्थानीय तहको संख्या | शाखा पुगेका स्थानीय तह |
|---|---|---|
| प्रदेश १ | १३७ | १३६ |
| प्रदेश २ | १३६ | १३६ |
| वागमती | ११९ | ११७ |
| गण्डकी | ८५ | ८४ |
| प्रदेश ५ | १०९ | १०९ |
| कर्णाली | ७९ | ७८ |
| सुदूर पश्चिम | ८८ | ८६ |
| **कुल** | **७५३** | **७४६** |


६०. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाको संख्या २०७६ चैत मसान्तमा १६२ रहेको छ (तालिका ६) । यस मध्ये २७ वाणिज्य बैंक, २३ विकास बैंक, २२ वित्त कम्पनी, ८९ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक छन् । बैंक तथा वित्तीय संस्थाको शाखा संख्या २०७६ असार मसान्तमा ८६८६ रहेकोमा २०७६ चैत मसान्तमा ९६९२ पुगेको छ ।

**तालिका ६: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या***

| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
|---|---|---|---|---|---|---|
| | २०७५ असार मसान्त | २०७६ असार मसान्त | २०७६ चैत मसान्त | २०७५ असार मसान्त | २०७६ असार मसान्त | २०७६ चैत मसान्त |
| वाणिज्य बैंक | २८ | २८ | २७ | ३०२३ | ३५८५ | ४२१८ |
| विकास बैंक | ३३ | २९ | २३ | ९९३ | १२६७ | १२१६ |
| वित्त कम्पनी | २५ | २३ | २२ | १८६ | २०५ | २३९ |
| लघुवित्त वित्तीय संस्था | ६५ | ९० | ८९ | २४४९ | ३६२९ | ४०१९ |
| पूर्वाधार विकास बैंक | - | १ | १ | - | - | - |
| **जम्मा** | **१५१** | **१७१** | **१६२** | **६६५१** | **८६८६** | **९६९२** |

*यस सम्बन्धी विस्तृत विवरण http://emap.nrb.org.np/मा उपलब्ध छ ।

## पुँजी बजार




६१. नेपाल सरकारले अवलम्बन गरेका कोरोना संक्रमण नियन्त्रणका उपायहरुका कारण नेपाल स्टक एक्सचेन्जको कारोबार २०७६ चैत १० गते यता बन्द रहेको छ ।

६२. २०७५ चैत मसान्तमा ११८४ विन्दु रहेको नेप्से सूचकाङ्क २०७६ चैतमा १२५१.५ विन्दु कायम भएको छ । २०७६ असार मसान्तमा यस्तो सूचकाङ्क १२५९ रहेको थियो ।

६३. २०७६ चैत मसान्तमा धितोपत्र बजार पुँजीकरण रु. १६०० अर्ब २० करोड कायम भएको छ । २०७६ असार मसान्तमा बजार पुँजीकरण रु. १५६७ अर्ब ५० करोड रहेको थियो ।

६४. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २१२ रहेको छ । सूचीकृत कम्पनीहरूमध्ये १४८ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ३३ जलविद्युत् कम्पनी, १९ उत्पादन र प्रशोधन उद्योग, ४/४ होटल तथा व्यापारिक संस्था र ४ अन्य समूहका रहेका छन् । २०७६ असारमा सूचीकृत कम्पनीहरूको संख्या २१५ रहेको थियो ।

६५. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ८०.१ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत कम्पनीको हिस्सा ५.९ प्रतिशत, उत्पादन र प्रशोधन उद्योगको हिस्सा ३.७ प्रतिशत, होटेलको हिस्सा १.३ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.३ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ८.८ प्रतिशत रहेको छ ।

६६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७६ चैतसम्ममा सूचीकृत ४ अर्ब ७० करोड शेयर संख्याको चुक्ता मूल्य रु.४६० अर्ब ४६ करोड रहेको छ ।

६७. आर्थिक वर्ष २०७६/७७ को नौ महिनामा रु.२६ अर्ब २५ करोड बराबरको बोनस शेयर, रु.२१ अर्ब ४६ करोड बराबरको डिबेन्चर, रु.१२ अर्ब १६ करोड बराबरको साधारण शेयर, रु.५ अर्ब ७५ करोड बराबरको म्युचअल फण्ड, रु.४ अर्ब ११ करोड बराबरको हकप्रद शेयर र रु.११ अर्ब ८३ करोड बराबरको अन्य गरी कुल रु.८१ अर्ब ५५ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

६८. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.२१ अर्ब ४५ करोड बराबरको डिबेन्चर, रु.४ अर्ब ४१ करोड बराबरको हकप्रद शेयर, रु.३ अर्ब २३ करोड बराबरको साधारण शेयर र रु.१ अर्ब ८० करोड बराबरको म्युचुअल फण्ड गरी रु.३० अर्ब ८९ करोड बराबरको धितोपत्र निष्काशन गर्न अनुमति दिएको छ ।

## कोभिड-१९ को प्रभावका सन्दर्भमा

६९. कोभिड-१९ को संक्रमण रोकथामका लागि नेपाल सरकारले सामाजिक दूरी कायम गर्न २०७६ चैत ११ देखि घरमै बस्नुपर्ने व्यवस्था गरेको छ । यसक्रममा उद्योगधन्दाहरु न्यून क्षमतामा संचालित छन् भने आपूर्ति श्रृंखला प्रभावित छ । ठूला आयोजनाहरुको निर्माण कार्य सुस्त भएको छ । यसैगरी सार्वजनिक यातायात बन्द रहेको अवस्था छ ।

७०. अर्थतन्त्रका सवै क्षेत्रमा कोभिड-१९ को प्रभाव देखिन थालेको छ । गत आर्थिक वर्षको तुलनामा आर्थिक वृद्धिमा उल्लेख्य गिरावट आएको अनुमान छ । विगत ३ वर्षमा औसत ७.३ प्रतिशत आर्थिक वृद्धि हासिल भएकोमा आर्थिक वर्ष २०७६/७७ मा २.२८ प्रतिशत आर्थिक वृद्धि हुने केन्द्रीय तथ्याङ्क विभागको अनुमान छ । कोभिड-१९ को प्रभाव शुरु हुनुपूर्व ७ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धि हुन सक्ने प्रक्षेपण गरिएकोमा अर्थतन्त्रमा देखिएको असहज अवस्थाका कारण आर्थिक वृद्धि न्यून रहने देखिन्छ । कोभिड-१९ पूर्वको यस प्रक्षेपणलाई केन्द्रीय तथ्याङ्क विभागको पछिल्लो सार्वजनिक अनुमानसँग तुलना गर्दा अर्थतन्त्रमा प्रचलित मूल्यमा मापन गरिएको कुल गार्हस्थ्य उत्पादनमा करिव रु.१ खर्ब ६८ अर्ब बराबरको क्षति भएको प्रारम्भिक अनुमान छ ।

७१. २०७६ फागुनको तुलनामा २०७६ चैतमा खाद्य तथा पेय पदार्थ मुद्रास्फीति वढेको छ । कुल निर्यात, आयात र विप्रेषण आप्रवाहमा संकुचन आएको छ भने सरकारको राजस्व संकलन र खर्च पनि प्रभावित भएको छ । २०७६ चैतमा निक्षेप संकलन र कर्जा प्रवाह भने सामान्य रहेको छ । निक्षेपको भारित औसत व्याजदर सीमान्त घटेको छ भने कर्जाको व्याजदर स्थिर रहेको छ ।

**तालिका ७ : प्रमुख आर्थिक परिसूचकहरुको मासिक स्थिति**

रु. अर्बमा

| विवरण | २०७५ | २०७६ | |
|---|---|---|---|
| | चैत | फागुन | चैत |
| उपभोक्ता मुद्रास्फीतिदर (वार्षिक बिन्दुगत आधारमा) | ४.४४ | ६.७० | ६.७४ |
| उपभोक्ता मुद्रास्फीतिदर (अघिल्लो महिनाको आधारमा) | ०.५८ | -०.२७ | ०.६२ |
| *खाद्य तथा पेय पदार्थ* | *१.३५* | *-०.६६* | *१.६८* |
| *गैर खाद्य तथा सेवा* | *-०.०२* | *०.०४* | *-०.२१* |
| कुल निर्यात | ८.६ | ९.९ | ३.९ |
| कुल आयात | ११२.५ | १२०.६ | ५८.३ |
| भ्रमण आय | ७.१ | ५.१ | १.६ |
| भ्रमण व्यय | ६.४ | ५.४ | १.२ |
| विप्रेषण आप्रवाह | ७१.० | ७९.२ | ३४.५ |
| कुल सरकारी खर्च | - | १२४.१ | ६४.६ |
| चालु खर्च | - | ८५.१ | ४४.६ |
| पुँजीगत खर्च | - | १९.६ | ८.७ |
| कुल राजस्व | - | ५४.४ | ४३.९ |
| कुल निक्षेप | २४.९ | ५१.० | ५३.४ |
| निजी क्षेत्रतर्फको कर्जा | ४६.५ | ३५.६ | ४०.० |
| निक्षेपको भारित औसत व्याजदर | ६.७ | ६.८ | ६.७ |
| कर्जाको भारित औसत व्याजदर | १२.३ | ११.८ | ११.८ |

*स्रोत: नेपाल राष्ट्र बैंक र महालेखा नियन्त्रक कार्यालय ।*